अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः१५ मितिः २०७८/०१/१०

भाग-२

रघुगंगा गाउँपालिका

## नश्ल सुधार कार्यक्रम  कार्यविधि २०७७

# नश्ल सुधार कार्यक्रम  कार्यविधि २०७७

## पृष्ठभूमि

वर्तमान अवस्थामा स्थानीय पशुपन्छीको नश्लसुधार गरी उत्पादन र उतापदकत्वमा उल्लेख रुपमा वृद्धि गर्न उन्नत नश्लका बंशावली अभिलेख  भयका बोका /राँगो /साँढेको अपरिहार्यता रहेको छ । प्रस्तावित पशु प्रजनन नीति अनुसार नश्ल सुधार गर्न बोका राँगो साँढे वितरण तथा कृतिम गर्भधान को कार्यक्रम उल्लेख भयको छ । तर सरकारी गैरसरकारी वा निजि क्षेत्रलाई मापदण्ड पुगेका प्रजनन योग्य उन्नत नश्लका भाले पशुहरुको सहज रुपमा उपलब्धता हुन सकेको छैन स्थानीय सरकारको पशुपन्छी नश्लसुधार कार्यक्रमलाई व्यवस्थित सरल सहज प्रभाबकारी र पारदर्शी रुपमा स्थापना र संचालन र कार्यान्वन  गर्नको  लागि यो कार्यविधि रघुगंगा गाउँपालिका बाट जारी गरियको छ ।

१ प्रारम्भिक

क)संक्षिप्त  नाम र प्रारम्भ :-

१ यो कार्यविधिको नाम "पशुपन्छी नश्लसुधार कार्यविधि २०७७" रहेको छ ।

क)यो कार्यविधि रघुगंगा गाउँपालिकाले  कार्यपालिकाको बैठक बाट स्वकृत भयदेखि यो कार्यविधि प्रारम्भ  हुने छ ।

२ परिभाषा :-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क)"कार्यालय" भन्नाले रघुगंगा गाउँपालिकाको कार्यापालिका लाई सम्झनु पर्छ ।

ख) "शाखा" :- भन्नाले रघुगंगा गाउँपालिकाको पशुसेवा शाखालाई जनाउछ  ।

ग) "कार्यविधि" :-  भन्नाले पशुपन्छी नश्लसुधार कार्यक्रम कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

घ) "आवेदक" :-  भन्नाले नश्ल सुधार कार्यक्रमबाट लाभ तथा अनुदान सहयोग लिन आवेदन दियका कृषकलाई जनाउछ ।

ङ) "गाउँपालिका" भन्नाले रघुगंगा गाउँपालिका लाई सम्झनु पर्छ ।

३ उदेश्यहरु :-

१ वंशावलीमा आधारित उल्लेख सहितका उन्नतजात का बोका /राँगो /साँढे उत्पादन तथा वितरण गरी स्थानीय जातको पशुको नश्ल सुधारको प्रविधिवाट उत्पादन र उत्पादकत्व बृदीगर्न ।

२ उपयुक्त र तोकेको श्रोतकेन्द्र बाट उन्नत नश्लका बोका / राँगो /साँढे खरिद गर्ने ।

३ रघुगंगा गाउँपालिकाको पशुपन्छी नश्लसुधार कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

४ कार्यक्रमको अवधि :- यो कार्यक्रमको अवधि रघुगंगा गाउँपालिका ले निर्णय गरे बमोजिम संचालन हुनेछ ।

५ कार्यक्रम संचालन गर्ने क्षेत्रहरु आ .व २०७७/२०७८ का लागि यो कार्यक्रम निजी /साझेदारी /समूह /सहकारी फर्महरुमा संचालन गरिने छ ।

६ कार्यक्रम संचालनको लागि समूह /प्राइभेट फार्मधनि / साझेदारी फार्मको छनोट प्रक्रिया

१ रघुगंगा गाउँपालिका को सम्बन्धित कार्यालयले अनुसूची १ बमोजिम प्रस्ताब आह्वान गर्नेछ ।

२ कार्यक्रम सहभागी हुन इच्छुक निजि /साझेदारी/सामुहिक उधमी फार्म संस्थाले अनुसूची २ अनुसार निवेदन र अनुसूची ३ अनुसारको सम्क्षिप्त कार्ययोजना सहित सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ ।

३ प्राप्त निवेदन / प्रस्ताब हरुको अनुसूची ४ वमोजिम मुल्यांकन गर्न निम्नअनुसार को मुल्यांकन समिति रहनेछ ।

क) कार्यपालिका ले तोकेको संयोजक -१
ख) कार्य पालिका ले तोकेको १  सदस्य
ग) पशुसेवा शाखा प्रमुख १ सदस्य सचिब

४ पशुपन्छी नक्लसुधार संचालक समिति :- स्थानीय स्तरमा कार्यक्रम संचालन /सनुगमन /समन्वय सुझाब तथा सहयोग तथा नियन्त्रण तथा अनुदान परिचालन गर्न देहाय सनुसारको संचालन समिति रहनेछ ।

१ कार्यपालिका को तोकेको संयोजक -१ जना

२ कार्यपालिका ले तोकेको सदस्य -१ जना

३ पशुसेवा शाखा प्रमुख -१ सदस्य सचिब

५ पशुपन्छी नक्लसुधार संचालक समितिको काम कर्तव्य र अधिकार

क) पशुपन्छी नक्लसुधार कार्यक्रम संचालन गर्नको लागि अनुसूची ५ बमोजिम सम्झौता गर्न सहयोग गर्ने ।
ख) सम्झौता अनुसार कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।
ग) पशुसेवा सेवा शाखाले दिएका सुझाव कार्यान्वयन गर्न सहयोग गर्ने ।
घ) आवश्यकता अनुसार सेवा प्रदान गरेकाकुरा हरुको अभिलेख व्यवस्थापन मा सहयोग गर्ने ।

६ सेवा संचालन प्रक्रिया :- यस कार्यक्रम बमोजिमको  सेवा संचालन गर्ने प्रक्रिया देहाय वमोजिम हुनेछ ।

१ निजि /साझेदारी सामुहिक / फार्मधनि छनोटभई अनुदान प्राप्त गर्नकोलागि निम्न बमोजिम मापदण्ड पुरा हुनुपर्दछ ।

क) कुल लागतको ५० % लगानी सम्बन्धि फार्म धनि वा संस्थाले व्यहोर्नुपर्ने छ ।

ख) आफ्नो फार्ममा भयका पशुको लागि वर्षभरि नै आहारको सुनिश्चित भयको हुनुपर्ने छ ।

ग) प्रजननका लागि खरिद गरिने भाले पशुहरु निम्नानुसर मापदण्ड पुगेको हुनु पर्ने छ ।

१. उन्नत जातको भाले पशुहरु श्रोतकेन्द्र बाट मात्र खरिद गरेको हुनुपर्ने छ ।

२. प्रजनन संग कुनै सम्बन्धि कुनै रोग तथा समस्या नभयको ।

३. उन्नत जातको बोकाको सम्पूर्ण कुराको विवरण सहित को ( blood level,अनुसारको हुनु पर्ने हाडनाता नभयको ,हुनुपर्ने ) ।

२ माथि उल्लेखित मापदण्ड पुरागरेका फार्म/ संस्थाले अनुसूची ५ अनुसार सम्झौता गरी आवश्यक कागजात सहित सम्बन्धित कार्यालयको सिफारिस सहित रघुगंगा गाउँपालिका मा पठाउनु पर्ने छ ।

सिफारिसलाई आधारमानि गाउपालिका ले नियम अनुसारको रकम समन्धित फार्म तथा संस्थाले खोलेको बैंक खातामा जम्मा गरिने छ ।

३ फार्म वा संस्थाले हरेक महिनाको प्रगति अनुसूची ६ बमोजिम ढाचामा पशुसेवा शाखामा पठाउनुपर्ने छ ।

७ . पशुपन्छी नश्लसुधार कार्यक्रम कार्यान्वयन को लागि प्रस्तावित आर्थीक नर्मस :

१ छनोट भयका उप – आयोजनालाई बोकाको हकमा रू.............र राँगोको हकमा .......अनुदान दिईने छ ।

८ अनुगमन मुल्यांकन र प्रतिवेदन सम्बन्धि व्यवस्था :-

यस कार्यक्रमको अनुगमन, रघुगंगा गाउँपालिका र सम्बन्धित शाखाले गर्नेछ सो प्रगति रघुगंगा गाउँपालिकामा पठाउनु पर्ने छ ।

९ थपघट वा हेरफेर गर्ने सक्ने :-

यो कार्यविधि लाई थप व्यवस्थित र प्रभावकारी बनाउन रघुगंगा गाउँपालिका को आवस्यकता अनुसार थपघट ,हेरफेर तथा खारेजी गर्नसक्ने छ ।

## अनुसूची -१

पशुपन्छी नश्लसुधार कार्यक्रम सहभागिताको लागि प्रस्ताब आह्वानको सूचना

यस कार्यालयको आ.व २०७७/०७८ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी नश्लसुधार कार्यक्रम संचालन गर्न फार्म वा समूह सहकारी संस्थाको अवधारनणा अनुरुप पशुपालक निजि उधमी समूह संस्थाले आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरियको छ । इच्छुक निजि साझेदारी समूह संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भयको मितिले १५ दिन भित्र तोकियको ढाँचा अनुसारको आवेदन फारम यस कार्यालयमा पेशगर्नु होला ।

## अनुसुची २

पशुपन्छी नश्लसुधार कार्यक्रम संचालनको लागि

दिईने आवेदन पत्रको फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

रघुगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट म्याग्दी

विषय :- पशुपन्छी नश्लसुधार कार्यक्रम मा छनोट हुनपाउ भन्ने बारे

प्रस्तुत विषयमा रघुगंगा गाउँपालिकाको पशुसेवा शाखाबाट मिति ............मा प्रकाशित सूचना अनुसार .....................................पशु पालक /निजि ,साझेदारी ,सामुहिक ,उधमी ,फार्म मार्फत कार्यक्रममा संलग्न हुन तीव्र इच्छा भयकोले तपशील अनुसारको कागज राखी यो निवेदन पेशगरेका छौ /छु । उक्त कार्यक्रम प्राप्त भयमा यस कार्यविधिमा उल्लेख भय अनुसार काम गर्नेछौ र यस कार्यक्रमको लागि गरियको मापदण्ड र सम्झौता विपरित गरेको पाइएमा विधमान कानुन बमोजिम कारबाहीको भागेदार हुन मन्जुर रहेको समेत व्यहोरा समेत अनुरोध गर्दछौ ।

तपसिल

१ अनुसूची ३ अनुसारको कार्ययोजना

२ नेपाली नागरिताको प्रमाणित प्रतिलिपि

३ पशु पालन नीजी ,साझेदारी, समूह को दर्ता भयको प्रमाण पत्रको प्रतिलिपि

निवेदन दिने फार्म को तर्फबाट

नाम :-

दस्तखत :-

ठेगाना :-

मिति

अनुसूची ३

पशुपन्छी नश्लसुधार कार्यक्रम संचालनको लागि कार्यययोजनाको लागि

फर्म तथा समुहको नाम ................................ फार्म तथा समुहको को सम्पर्क नं ................................ फार्म तथा समुहको ठेगानाःजिल्ला ............... गाउँपालिका ...................वार्ड .......... गाउँ ,टोलको नाम ,......................फार्म तथा समुहको प्रमाण पत्र नं .........................फार्म दर्ता भयको कार्यालय ...........................ठेगाना ..........................

.फार्म तथा समूहले गरेको हाल सम्मको उल्लेखनीय कम हरु..........................................................................................
................................................................................................
...........

खाता संचालन गरेको बैंकको नाम :-

खाता नं ....................................................... खाता वालाको नाम

कार्ययोजनाको प्रस्ताब .....................................

उदेश्य

- 
- 

## अनुसूची ४

पशुपन्छी नश्लसुधार कार्यक्रमका लागि संस्था वा फर्मको छनोट गर्दा अपनाउने मुल्यांकन का आधारहरु

| क्र.स | द .न | आवेदक को नाम | ठेगाना | प्रस्तावित कार्ययोजना (५०) | व्यवसायको सम्भाव्यता (२५) | अनुभब तालिम (२५) | कुल प्राप्त अंक (१००) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

छनोट समिति का पदाधिकारीको

नाम :- पद :-

ठेगाना :- दस्तखत

१.

२ .

३.

# अनुसूची ५

सम्झौता पत्रको नमुना

रघुगंगा गाउँपालिका को पशुसेवा शाखा द्वारा संचालन गरिने पशुपन्छी नश्लसुधारको उदेश्य अनुरुपको उपलब्धि हाँसिल गर्न पशुसेवा शाखा (यस पछी पहिलो पक्ष भनीने )र ..............................................निजि /साझेदारी , सामुहिक ,समूह ,समिति /( पक्ष दोश्रो पक्षभनिने )विच तपशिल मा उल्लेखित शर्तको अधिनमा रही पशुपन्छी नश्लसुधार कार्यक्रम संचालन गर्न दुइ पक्ष विच सम्झौता सम्पन्न भयो ।

१ दोश्रो पक्षले अनिवार्य पशु विमा गर्नुपर्ने छ

२ दोश्रो पक्षले हरेक बर्ष आफ्नो फर्ममा भयका समस्याको पहिचान गरि प्राथमिकताको आधारमा आवस्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी प्रस्ताब स्वीकृत गर्नको लागि पेशगर्नु पर्ने छ ।

३ दोश्रो पक्षले पशुसेवा शाखाबाट स्वीकृत कार्यक्रम संचालन गरि खर्चको भुक्तानी दियको सक्कलै निस्सा प्रमाण सहित पेश गरेमा शाखा प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतले स्थलगत अनुगमन गरि प्रमाणित भयपछी विनियोजन भयको अनुदान रकम उक्त खातामा जम्मा गरिदिने छ ।

४ वोक तथा राँगो प्राप्त गरीसकेपछी बोका को हकमा रू.२५० र राँगोको हकमा ५०० रुपियाँ भन्दा बढी सर्भिस सुल्क लिउनपाईने छैन ।

४ दोश्रो पक्षले यस कार्यक्रमको लागि गरियको सम्झौता बमोजिम तथा मापदण्ड विपरित गरेको पाएमा विध्यमान कानुन बमोजिम कारबाहीको भागेदार हुनुपर्ने छ ।

प्रथम पक्ष

दोश्र पक्ष

पशुसेवा शाखाको तर्फवाट

फर्म वा संस्था को तर्फबाट

नाम :-

नाम :-

पद :-

ठेगाना :-

दस्तखत :-

दस्तखत :-

मिति :-

मिति :-

कार्यालयको छाप :-

छाप :-

रोहवर

रोहबर :-

अनुसूची ६

पशुपन्छी नश्लसुधार कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाँचा

.................. महिना /चौमासिक /बार्षिक

फर्म वा संस्थाको नाम :- सम्पर्क नं .

ठेगाना :-

गा.पा......................... वार्ड नं......................... टोल

| क्र.स | कार्यक्रम को विवरण | इकाई | वस्तु | बार्षिक लक्ष्य | वार्षिक बजेट | यस बर्षको प्रगति | यस बर्षको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत